# गणपति लघुवित्त वित्तीय संस्था लि.

दुलेगौंडा, तनहुँ

## आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८१/०९/०७ गते आइतबारका दिन बसेको १२४ औं बैठकको निर्णयअनुसार वित्तीय संस्थाको आठौं वार्षिक साधारण सभा निम्न विषयहरूमा छलफल गर्न देहाय अनुसारको मिति, स्थान र समयमा बस्ने भएकाले शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : २०८१ साल पौष २९ गते सोमबार ।

समय : दिउसोको १.३० बजे

स्थान : होटल डेब्रेक, पोखरा - ३१, बेगनास कास्की ।

**छलफलका विषयहरु :**

**क) सामान्य प्रस्तावहरू**

१. सञ्चालक समितिका अध्यक्षज्यूले पेश गर्नु भएको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. २०८१ साल असार मसान्तसम्मको लेखापरीक्षकको प्रतिवेदन र वासलात सहित आ.व. २०८०/२०८१ को नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण, तथा सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

३. आ.व. २०८१/२०८२ को कारोवारको लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालकको नियुक्ति अनुमोदन गर्ने ।

**ख) विशेष प्रस्तावहरू**

१. छ महिना भन्दा बढी अवधिका लागि कम्पनीको चुक्ता पूँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्दा बढी हुने गरी विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण सुविधा लिने सम्बन्धमा प्रस्ताव ।

२. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्त गर्ने प्रयोजनका लागि उपयुक्त संस्थाहरु पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने, नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिने, सम्पत्ति तथा दायित्वहरूको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने, र सम्बन्धित कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव ।

**ग. विविध**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

# साधारण सभा सम्बन्धी जानकारी

१. यस आठौं वार्षिक साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयरधनी शेयर दाखिला/खारेज मिति २०८१/०९/२२ गते बन्द रहनेछ । साथै, शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति २०८१/०९/२२ को अघिल्लो दिन, मिति २०८१/०९/२१ सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट कारोबार भई हितग्राही खातामा कायम भएका शेयरधनीहरूले मात्र सो सभामा भाग लिन र मतदान गर्न योग्य हुनेछन् ।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाणपत्र वा सोको प्रतिलिपि अनिवार्य रूपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरूले उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका बिहान ९:०० बजे नै खुला गरिनेछ ।

४. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले तोकिएको ढाँचामा कम्पनीको शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको निवेदन मिति २०८१/०९/२७ गते दिउँसो १:३० बजे (अर्थात् सभा सुरू हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै) कम्पनीको रजिस्टर्ड कार्यालय, दुलेगौंडा, तनहुँमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधि (प्रोक्सी) दर्ता सम्बन्धमा कम्पनीले उपलब्ध गराएको प्रोक्सी फारममा तोकिए बमोजिमको प्रमाणीकरण गरी सक्कलै प्रोक्सी प्राप्त हुनु पर्नेछ । यस सम्बन्धमा फोटोकपी, फ्याक्स वा इमेलबाट प्राप्त हुने कुनै पनि प्रोक्सी फारम मान्य हुने छैन ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेको अवस्थामा, नियुक्त प्रतिनिधि (प्रोक्सी) ले उपस्थिति पुस्तिकामा दस्तखत नगरेको अवस्था एवं सभाको कामकारवाही सुरू हुनु भन्दा अगावै शेयरधनी आफैं सभामा उपस्थिति भई उपस्थिति पुस्तिकामा दस्तखत गरेमा, प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द भएको मानिनेछ । तर, एक पटक तोकिएको प्रतिनिधि (प्रोक्सी) लाई बदर गरी अर्को प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु परेमा, सोको लिखित निवेदन सहित नयाँ प्रतिनिधि (प्रोक्सी) को प्रमाणित प्रोक्सी फारम मिति २०८१/०९/२७ गते दिउँसोको १:३० बजेभित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता भइसक्नु पर्नेछ । अन्यथा, पहिलो नियुक्त प्रतिनिधि (प्रोक्सी) लाई नै मान्यता दिइनेछ ।

६. कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा आफ्नो नाममा रहेको सम्पूर्ण साधारण शेयरको प्रतिनिधि (प्रोक्सी) एकजनालाई मात्र तोक्नु पर्नेछ । एक प्रतिनिधि (प्रोक्सी) फारममा एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएमा, त्यस्तो नियुक्ति बदर हुनेछ । एक शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) फारम मार्फत् एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा, कम्पनीमा पहिले दर्ता भएको प्रतिनिधि (प्रोक्सी) लाई मात्र मान्यता दिइनेछ । संगठित संस्था शेयरधनीको हकमा, संस्थाले तोकी खटाएको वा मनोनीत गरेको प्रतिनिधिले साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउनेछन् ।

७. नाबालक वा विक्षिप्त शेयरधनीको हकमा कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछन् । संयुक्त रूपमा साधारण शेयर लिने शेयरधनीहरूको हकमा, त्यस्ता शेयरधनीहरु मध्येबाट सर्वसम्मत रूपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा, शेयरधनीहरूको दर्ता किताबमा पहिले नाम उल्लेख भएको शेयरधनीले मात्र साधारण सभामा भाग लिन पाउनेछन् ।

८. शेयरधनीहरूबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिनेछन् ।

९. विविध विषय अन्तर्गत कुनै शेयरधनी महानुभावलाई कम्पनी सम्बन्धमा कुनै जिज्ञासा भएमा, त्यस्तो व्यहोरा लिखित रूपमा सभा हुनु भन्दा कम्तिमा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालयमा पठाउन अनुरोध गरिन्छ । तर, यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा समावेश गरिने छैन ।

१०. शेयरधनी महानुभावहरूले सभा स्थलमा आउँदा छाता, झोला वा अन्य कुनै वस्तु नलिई आउनु हुन अनुरोध गरिन्छ । सभा अवधिभर सभा स्थलमा रहेको सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने भएकाले, निजलाई सहयोग गरिदिनु हुन अनुरोध गरिन्छ ।

११. शेयरधनी महानुभावहरूको जानकारीका लागि कम्पनीको संक्षिप्त वार्षिक आर्थिक विवरण यस वित्तीय संस्थाको वेबसाइट (www.ganapatimicrofinance.com) मा तथा राष्ट्रिय दैनिक पत्रिकाहरूमा समेत प्रकाशित गरिनेछ । यदि उक्त विवरण प्राप्त गर्न नसकेमा, कम्पनीको दुलेगौंडा स्थित केन्द्रीय कार्यालयबाट सो विवरण प्राप्त गर्न अनुरोध गरिन्छ ।

१२. अन्य जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालयमा सम्पर्क गर्न अनुरोध गरिन्छ ।